# शुभ-राज्याभिषेकको उपलब्धि

[ राष्ट्रिय एकता, अन्तर्राष्ट्रिय बन्धुत्व ]

प्रकाशक:

गाउँफर्क राष्ट्रिय अभियान

केन्द्रीय समिति

२०३१

321.6

# शुभ–राज्याभिषेकको उपलब्धि

[ राष्ट्रिय एकता, अन्तर्राष्ट्रिय बन्धुत्व ]

प्रकाशक:

**गाउँफर्क राष्ट्रिय अभियान**

केन्द्रीय समिति

२०३१



श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकार
टँडिखेल दरबार मन्दिरमा

# शुभ-राज्याभिषेकको उपलब्धि

## [ राष्ट्रिय एकता, अन्तर्राष्ट्रिय बन्धुत्व ]

"नेपालको राजमुकुट प्रजाको निम्ति, नेपाली प्रजा राजमुकुटको निम्ति, राजा र प्रजा दुवै नेपालको निम्ति, हाम्रो तन, मन, धन नेपालको निम्ति", यस अभिव्यक्तिभित्रका भावनाले नेपाली जनता र राजाको अस्तित्वलाई एकाकार तुल्याएको छ। वस्तुतः शरीर र आत्माको साकार स्वरूप नै जीवन हो। न त आत्मादेखि भिन्न शरीरको कुनै महत्त्व छ न शरीर बिना आत्माको अनुभूति नै गर्न सकिन्छ। राजा र प्रजा दुवै एक दोसाका लागि प्रेरणा र संकल्प हुन्। शरीर र आत्मा जस्तै हुन्। दुवैको यस संगम-धारालाई हामी सहजरूपमा देख्न सक्दछौं। हालै सम्पन्न शुभ-राज्याभिषेकको पुनीत पर्वमा र यस बाहेक समय समयमा आई पर्ने राष्ट्रिय चाड र उपलब्धिहरूका अवसरमा यो संगम-धारा बडो मूर्तरूपमा देखा पर्दछ। यो नेपाली जातिको विशेषता हो। हाम्रो युग इतिहासको एउटा पत्र हो।

यस पत्रमा नेपाली-नेपालीका बीचको राष्ट्रिय एकताको, परस्परको सहृदयताको कथा लेखिएको छ। यस कथानकका नायकको स्फूरणा बुझ्न र यसका स्पन्दनहरू गन्न, नेपालको वास्तविकतासंग परिचित हुनु आवश्यक छ। यो हथौडी कुनै पनि नेपाल बुझ्न चाहनेका निमित्त बुझ्नु पर्ने साधन हो। हाम्रो पींढीले भरखरै एउटा यज्ञ सम्पन्न गरेको छ। यसको पृष्ठभूमिमा नेपाली मात्रको भावनाले देखिने र

नदेखिने दुवै रूपमा काम गरेको छ । उन्नत सभ्यताको उत्तराधिकारका विशिष्ट गुणहरू यसमा स्पष्ट देखिएका छन् ।

नेपाली जीवनको विश्वास पवित्र छ । यसमा जीवनको सार छ । बाँच्न र बाँच्नदिने उदात्त महत्ताको स्वीकृति छ । यसका ज्वलन्त उदाहरणहरू श्री ५ महाराजाधिराजका अभिव्यक्तिहरू साक्षीका रूपमा छन् । श्री ५ बाट व्यक्त विचारभित्र सम्पूर्ण नेपाली जनताको स्पन्दनको धन्काई छ ।

राष्ट्रिय उत्साह एवं एकताको अपूर्व नमूना हालै सम्पन्न श्री ५ को शुभ–राज्याभिषेक हो । संपूर्ण देशवासीले जिल्ला, नगर, गाउँ, अझ यसभन्दा पनि सानो इकाई ओडाहरूमा सम्म बडो अपनत्वपूर्ण उमंगले राजाको राज्याभिषेकको खुशियाली मनाउन कैयौं महीना अघिदेखि नै गरेको तरखर र विविध निर्माण कार्यको रूपमा यस अविस्मरणीय अवसरको संझनालाई चिर जीवित राख्न गरेका योगदानहरू अति नै मूल्यवान छन् । यस राष्ट्रिय पर्वको उल्लासमा एकातिर राष्ट्रिय एकता देखिएको छ भने अर्कोतिर यसबाट अन्तर्राष्ट्रिय बन्धुत्वको विस्तार उपलब्ध भएको छ । हामीले आफ्नो असंलग्न विदेश नीतिका व्यावहारिकतालाई मित्रहरूको अगाडि सही रूपमा प्रस्तुत गर्न सफल भएका छौं । विश्वमा फिंजिएर रहेका नेपालका मित्रहरूले नेपालमा एकत्रित भएर नेपालीको गौरव बढाइदिएको यस अवसरलाई हामी कहिल्यै बिर्सन सक्दैनौं । यस सफलताले हामीलाई सदैव एउटा ढाढस दिन्छ र साथै मित्रताको नयाँ–नयाँ आवरण थप्दै ज्ञान बल, बुद्धि र विवेक दिनेछ भनी विश्वास पनि गर्दछौं ।

नेपाली जनता र राजाका बीचको ममतापूर्ण सम्बन्ध, नेपाली जनताले राजाबाट प्रेरित भएर गरेको र विकासका दिशामा सक्रिय रही गर्न थालेका कार्यहरूले हामी आफ्ना सम्माननीय अतिथिहरूलाई प्रभावित पारेको विश्वास गर्दछौं । शुभ–राज्याभिषेकको अवसरलाई

नेपाली जातिले राष्ट्रिय जागरणका लागि प्राप्त गरेको अद्वितीय उपलब्धि हो भन्ने कुरामा हामी आश्वस्त छौं। यसबाट हामीलाई सबै पक्षमा आगाडि बढ्न ठूलो उत्साह मिलेको छ। नेपाली हृदयको बनोट, हाम्रो आफ्नै बीचको सम्बन्ध, आफ्नो स्वतन्त्रता र सार्वभौमिकता प्रति दृढता मित्रहरूले बहुतै नजीकबाट देख्न पाउनु भएको हुनाले नै उहाँहरूले नेपालमा रहँदा र नेपाल बाहिर नेपाल र नेपाली प्रति व्यक्त गरेका विचार नेपालको राष्ट्रिय निधि हो। यसलाई हामीले सम्मानपूर्वक जोगाएर राख्नु छ। मित्रहरूका भावना हामीले मनन गर्नु पर्दछ र अझ बढी त्यस अनुरूप नेपाललाई बनाउने दिशामा अग्रसर हुनु पर्दछ। नेपाली जनता, नेपाली राजा, नेपाली गौरव प्रति हार्दिक शुभेच्छा व्यक्त गर्ने हाम्रा मित्र राष्ट्रका आदरणीय प्रतिनिधिहरू प्रति हामी नेपाली दिलैदेखि कृतज्ञता अर्पण गर्दछौं। सम्पूर्ण नेपालीका निमित्त मित्रहरूबाट प्राप्त हार्दिक, नैतिक उपहारले हामीलाई विशेष-विशेष अवसरमा सान्त्वना दिन समर्थ हुनेछ। हाम्रो आशा यही छ, विश्वास यो नै हो।

यसैले मित्र राष्ट्रका आदरणीय प्रतिनिधिहरूबाट हाम्रा सम्बन्धमा व्यक्त गरिएका कामना र उद्‌गार सम्पूर्ण नेपालीले सुन्न, बुझ्न पाउने उद्देश्यले मित्रका भावनाको संग्रह प्रस्तुत गरिएको छ। यसबाट नेपाली मात्रलाई उत्साहित तुल्याउनका साथै हाम्रा निमित्त सदैव एउटा आशाको प्रकाश बनिरहने छ।

## अस्ट्रेलिया

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ–राज्याभिषेकको अवसरमा सम्मानित अतिथिका रूपमा पाल्नुभएका अष्ट्रेलियाका गवरनर जनरल श्रीकरले जागरूक नेपालको विकास–प्रतिको अभिरुचिबाट निकै नै प्रभावित भै आफ्नो उद्गार यस प्रकार प्रकट गर्नु हुन्छ :

"नेपालजस्तै अष्ट्रेलिया पनि साना तथा मझौला खालका राष्ट्रहरूलाई असर पर्ने सुरक्षा सम्बन्धी विषयहरूमा प्रभावकारी हुन प्रतिनिधित्व हुन सक्ने वातावरण हाम्रो क्षेत्रमा तथा विश्वभर नै स्थापित भएको हेर्न चाहन्छ ।"

उहाँ भन्नुहुन्छ–"राष्ट्रिय एकता, सुरक्षा तथा क्षेत्रीय स्थायित्वको प्रश्न प्रति नेपाल अत्यन्त सजग रहेको कुरा श्री ५ महाराजाधिराज सरकारबाट बिदाइ समारोहमा बक्सेको भाषणद्वारा अभिव्यक्त भएको छ ।"

उहाँ भन्नु हुन्छ– "श्री ५ बाट अभिव्यक्त शान्तिपूर्ण वातावरण एक विचारधारा मात्र नभै वास्तविकता पनि हो र नेपालको राष्ट्रिय हित नै यही वास्तविकता हो ।"

श्री ५ महाराजाधिराजसँग भएको भेटघाटबाट मौसूफ सरकार विकासप्रति विचारमा मात्र होइन व्यावहारिकरूपबाट नै समर्पित होइबक्सिन्छ भन्ने कुरा आफूलाई अनुभव भएको अभिव्यक्ति यसरी गर्नु हुन्छ– "आफ्नो नेपाल भ्रमणको चिरस्थायी संझनाहरूमध्ये श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको यो विचारधारा पनि हुनेछ ।"

"राष्ट्रिय व्यक्तित्वको विकाससँग सम्बन्धित समस्याप्रति हाम्रो आफ्नै पनि अभिरुचि छ र तपाईंहरूले आफ्नो राष्ट्रिय व्यक्तित्वलाई दिनु भएको महत्वको हामी साँच्चै नै कदर गर्छौं ।"

## श्री लंका

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ–राज्याभिषेकको उपलक्ष्यमा अतिथिको रूपमा भाग लिन आउनु भएका श्रीलंकाका राष्ट्रपति श्रीविलियम गोपल्लवाले शुभ–राज्याभिषेक समारोह साह्रै रोचक भएको र नेपाल आउने सबै अतिथिहरूले यस शुभ घडीको मधुर संझना राख्ने कुरा बताउनु हुँदै श्रीलंका तथा नेपालका बीच ज्यादै राम्रो र मैत्रीपूर्ण सम्बन्ध रहेको कुरा आफ्नो अभिव्यक्तिद्वारा प्रकट गर्नु भएको छ ।

नेपालमा शिक्षा, उद्योग र अरू विकास कार्यहरू सक्रियताका साथ संचालन भैराखेको कुराको चर्चा गर्नु हुँदै यी सुधार र विकास कार्यहरूबाट आफू प्रभावित भएको कुरा पनि राष्ट्रपति श्री गोपल्लवाले बताउनु भयो ।

## पाकिस्तान

पाकिस्तानका राष्ट्रपति फजल इलाही चौधरीले "श्री ५ महाराजाधिराज सरकारको शुभ–राज्याभिषेक एशियामा आफ्नै तरीकाको एक अभूतपूर्व घटना हो र यस अवसरमा विभिन्न देशका राष्ट्राध्यक्ष र राष्ट्राध्यक्षका प्रतिनिधिहरूको उपस्थितिले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको बढ्दो मान्यतालाई प्रमाणित गर्दछ ।" भन्नु भयो ।

श्री ५ महाराजाधिराजको शुभ–राज्याभिषेकको समारोहमा भाग लिन आउनु भएका पाक राष्ट्रपति श्रीचौधरीले "सरकार तथा जनताको संयुक्त प्रयासबाट सञ्चालित अनेकौं आयोजनाले गर्दा नेपाल श्री ५ महाराजाधिराज सरकारको प्रबुद्ध नेतृत्वमा नेपाली जनता अघि बढिरहेको कुराबाट आफू प्रफूल्लित भएको कुरा बताउनु हुँदै श्रीचौधरीले "नेपालले आफ्नै तरीकाबाट प्रगति गर्नु पर्छ भन्ने

हामी चाहान्छौं ।" भन्नुभयो ।

भविष्यमा उन्नतिशील र प्रबुद्ध राष्ट्रको रूपमा विकसित हुने विश्वास छ ।" भन्नु हुँदै "नेपालको अन्तर्राष्ट्रिय व्यक्तित्व प्रतिदिन बढ्दै जाओस् ।" भन्ने कामना व्यक्त गर्नु भयो ।

## भारत

भारतीय उप–राष्ट्रपति श्रीवासप्पा दानप्पा जट्टी भन्नुहुन्छ– "श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शुभ–राज्याभिषेक, देशबाट गरीबी तथा अज्ञानता निर्मूल पार्ने ठूलो अभियानको प्रारम्भ गर्ने एक नयाँ युगको सूत्रपात हो ।"

श्री ५ महाराजाधिराज सरकारको शुभ–राज्याभिषेक समारोहमा भाग लिन आउनु भएका उप–राष्ट्रपति श्रीजट्टीले "भारतीय जनता पनि यस सुखद घडीमा सम्मिलित भएको कुरा बताउँदै श्री ५ महाराजाधिराजको नेतृत्वमा नेपाल निरन्तर प्रगति, समृद्धि र सुदृढताको दिशा तर्फ अग्रसर होस् भन्ने भारतीय सरकार र जनताको शुभ–कामना छ ।"

जट्टी अगाडि भन्नु हुन्छ–"भौगोलिक सन्निकटता र सांस्कृतिक एकताले गर्दा नेपाल तथा भारतका बीच रहेका पारस्परिक सद्भावना र मैत्रीभाव पारिवारिक सहृदयताको भावनामा वर्दालिदा परिस्थितिबाट कुनै आँच नआई निरन्तर वृद्धि हुँदै आएको छ ।"

"दुई देशका बीच जनस्तरमा भएका यस्ता बलिया सम्बन्धबाट भारतलाई नेपालजस्तो स्वतन्त्र तथा सार्वभौमसत्ता सम्पन्न राष्ट्रसँग राखिने सम्बन्धबारे आफ्नो राष्ट्रिय नीति तयार गर्न निक्कै सघाउ पुग्न जानेछ ।"

अतिथिहरूप्रति नेपालद्वारा देखाइएको सम्मानको सराहना गर्नु हुँदै उपराष्ट्रपति श्रीजट्टीले "आर्थिकक्षेत्रमा सहयोग बढाएर तथा विकासका अन्य क्रियाकलापमा बढी सम्मिलित भएर दुवै देश बीचको

सम्बन्धलाई अझ सुमधुर पार्न सकिन्छ ।" भन्ने विश्वास पनि व्यक्त गर्नुभयो ।

## जापान

श्री ५ महाराजाधिराज सरकारको शुभ–राज्याभिषेक समारोहमा सम्मिलित हुने अवसर मिलेकोमा प्रसन्नता व्यक्त गरिबक्संदै जापानका युवराज अकिहितोबाट नेपालको प्राकृतिक सौन्दर्य र संस्कृतिबाट मौसूफ प्रभावित भैबक्सेको र यहाँको आतिथ्य धेरैकालसम्म संझना रहिरहने कुरा हुकूम भएको छ ।

युवराज अकिहितोबाट नेपाल र जापानको सम्बन्ध दिनानुदिन सुमधुर र विकसित हुँदै गएकोमा प्रसन्नता व्यक्त गरिबक्स्यो र नेपाल तथा जापानका बीच रहेको घनिष्ट सम्बन्धलाई कुनै पनि परिवर्तनीय अवस्थाहरूले असर पार्न सक्ने छैनन् भन्ने विश्वास व्यक्त गरिबक्स्यो ।

मौसूफबाट काठमाडौं आवासकालमा प्राप्त आतिथ्यको लागि श्री ५ महाराजाधिराज सरकार प्रति कृतज्ञता ज्ञापन गरिबक्स्यो र नेपाली जनतालाई धन्यवाद बक्सिंदै श्री ५ महाराजाधिराज सरकारबाट विदेशी अतिथिहरू समक्ष विश्व–शान्तिका लागि मौसूफको गहिरो इच्छा व्यक्त गरिबक्सेको कुरा पनि उल्लेख गरिबक्स्यो ।

## लाओस

लाओस्का युवराज भोंग सभांगबाट श्री ५ महाराजाधिराज सरकारको सबल नेतृत्वमा नेपालले अनेकौं क्षेत्रमा सरकार र जनताको सहयोगबाट विभिन्न कार्यक्रमहरूको थालनी गरेको कुरा उल्लेख गरिबक्संदै मौसूफबाट नेपालले आउँदा वर्षहरूमा समाज कल्याण र आर्थिक उन्नतिका अनेकौं क्षेत्रमा व्यापक विकास गर्ने आशा व्यक्त गरिबक्सेको छ ।

श्री ५ महाराजाधिराज सरकारको शुभ-राज्याभिषेक समारोहको भव्यताबाट मौसूफ साह्रै प्रभावित होइबक्सेको कुरा उल्लेख गरिबक्संदै

राज्याभिषेकको समारोहमा सम्पूर्ण जनताले हर्षोल्लासपूर्वक भाग लिएको देख्न पाउँदा आफ्ना राजाप्रति अपार श्रद्धा एवं भक्तिभाव रहेको कुरा स्पष्ट झल्किएको छ भन्ने कुरा लाओसका युवराजबाट हुकूम भयो ।

नेपाल जस्तै सानो भूपरिवेष्टित मुलुक लाओसलाई नेपालले आफ्नो घनिष्ट मित्र मानेकोमा आभार प्रकट गरिबक्संदै मौसूफबाट पञ्चायती व्यवस्था अन्तर्गत नेपालले धेरै कुरामा प्रगति गरेको छ र लाओसले नेपालबाट धेरै कुरा सिक्न सक्दछ भन्ने हुकूम भयो ।

युवराज भोंगसभांगबाट नेपालमा सडकको क्षेत्रमा भएको विकासबाट प्रेरणा मिलेको कुरा उल्लेख गरिबक्संदै आ–आफ्ना अनुभवलाई आपसमा आदान–प्रदान गरी लाभान्वित हुनुपर्ने कुरामा जोड दिइबक्स्यो ।

## जनवादी गणतन्त्र चीन

श्री ५ महाराजाधिराज सरकारको कुशल नेतृत्वमा नेपालले तीव्र गतिमा गर्दै गएको प्रगतिबाट आफू प्रभावित भएको कुरा जनवादी गणतन्त्र चीनका उप-प्रधान मन्त्री श्रीचेन सो लियनले व्यक्त गर्नु भएको छ ।

श्री ५ महाराजाधिराज सरकारको शुभ-राज्याभिषेक समारोहमा भाग लिन आउनु भएका उप-प्रधान मन्त्री श्रीलियनले नेपाल तथा चीनका बीच आर्थिक सहयोगका क्षेत्रमा संयुक्तरूपमा अनेकौं कार्यहरू संचालन भैरहेको चर्चा गर्नु हुँदै यसलाई अरू क्षेत्रमा पनि विस्तार गर्नु पर्ने कुरा पनि बताउनु भयो ।

## संयुक्तराज्य अमेरिका

श्री ५ महाराजाधिराज सरकारको शुभ-राज्याभिषेक समारोहमा अमेरिकाको राष्ट्रपतिको प्रतिनिधिको रूपमा आउनु भएका अमेरिकाको

राष्ट्रपतिका काउन्सिल तथा क्याविनेट सदस्य श्रीफिलिप डब्लू बुचेनले अमेरिकाले नेपालसँगको असल सम्बन्धका साथै नेपालको स्वतन्त्रता र विकासलाई महत्व दिन्छ भन्नुभयो ।

## गणतन्त्र कोरिया

यसै गरी शुभ–राज्याभिषेक समारोहमा भाग लिन आउनु भएका गणतन्त्र कोरियाका विदेशमन्त्री श्री दोङ जो किमले पनि आफ्नो एक वक्तव्यमा श्री ५ महाराजाधिराज सरकारको गतिशील तथा प्रेरणादायी नेतृत्वमा नेपालले हासिल गरेको सबल राष्ट्रिय एकता र महत्वपूर्ण प्रगतिबाट आफू प्रभावित भएको कुरा बताउनु भएको छ ।

## फिलिपिन्स

श्री ५ महाराजाधिराज सरकारको शुभ–राज्याभिषेक समारोहमा भाग लिन आउनु भएको फिलिपिन्सका राष्ट्रपतिकी श्रीमती इमेल्दा मार्कोस यस ऐतिहासिक अवसरमा आफू सम्मिलित हुनु नेपाली जनताको फिलिपिन्सका जनता प्रतिको सद्भावनाको सूचक हो भन्ने आफ्नो अभिव्यक्ति प्रकट गर्नु हुँदै नेपाल तथा फिलिपिन्स दुवै विकासोन्मुख देशहरू हुन् र प्राकृतिक तथा जल–स्रोतले सम्पन्न नेपालले श्री ५ वीरेन्द्रको प्रबुद्ध नेतृत्व पाउनु सौभाग्यको कुरा हो भन्नु भयो ।

श्रीमती मार्कोसले आफ्नो नेपालको प्रथम भ्रमणको "सुन्दर संझना" सधैं ताजा रहने कुरा बताउनुहुँदै नेपालको प्राकृतिक सौन्दर्यको साथै नेपाली जनताबाट आफू प्रभावित भएको कुरा पनि बताउनु भयो ।

## थाइलैण्ड

थाइलैण्डका राजकुमार भानुबन्धु युगालाबाट श्री ५ महाराजाधिराज सरकारको शुभ–राज्याभिषेक समारोह ज्यादै भव्य र हृदयमा गड्ने किसिमको थियो भनी बताइबक्सेको छ ।

मौसूफबाट ६ वर्ष अघि यहाँ सवारी हुँदा र अहिलेमा साह्रै ठूलो परिवर्तन आइसकेको कुरा उल्लेख गरिबक्सदै श्री ५ को शुभ–राज्याभिषेकको निमित्त नगरको कलात्मक सजावट प्रभावकारी रहेको कुरा व्यक्त गरिबक्स्यो ।

राजकुमारबाट दुवै देशका राज संस्थाका बच राम्रो सम्बन्ध कायम रहेको छ र उक्त सम्बन्धलाई अझै सुमधुर र घनिष्ट बनाउन सकिन्छ भन्ने विश्वास व्यक्त गरिबक्सदै स्व. श्री. ५ महेन्द्रबाट थाइलैण्डको राजकीय भ्रमण गरिबक्सेको कुरा थाइ राजपरिवारमा अझै संफना गरिन्छ भन्ने कुरा पनि मौसूफबाट उल्लेख गरिबक्स्यो ।

## उपसंहार

उपर्युक्त सन्दर्भमा विचार गर्दा नेपाली मात्रको महान् राष्ट्रिय पर्व शुभ–राज्याभिषेकले एकातिर राष्ट्रिय एकताको दृढ संकल्प दोहोर्‍याई, विकासको योजनाबद्ध लहर फैलाई, शान्ति र विश्वमैत्री स्थापना गर्न आह्वान गरेको छ भने अर्कोतिर सम्मानित अतिथिको रूपमा नेपाल प्रति आ– आफ्नो राष्ट्रको तर्फबाट शुभेच्छा र मैत्रीभाव अभिव्यक्त गर्न आउनु भएका सम्माननीय राष्ट्राध्यक्ष, शासनाध्यक्ष र अति उच्च प्रतिनिधि मण्डलका नेताहरू मार्फत सकारात्मकरूपमा विश्वबन्धुत्वको भावना हुर्काउन हार्दिक उत्कट अभिलाषा दोहोर्‍याएको छ । वस्तुतः शुभ–राज्याभिषेक राष्ट्रिय जागरणको बिगुल फुक्दै नेपालको सर्वाङ्गीण समुन्नति गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको सार्वभौम सत्ताको श्रीवृद्धि गर्दै प्रतिष्ठा बढाउने राष्ट्रिय अभिव्यक्तिको रूपमा देखा पर्दछ । आज

प्रत्येक जिल्लाबासी बडो गर्वका साथ भन्दछन्–हाम्रो जिल्लाले यस महान् राष्ट्रिय पर्वलाई सफल पार्न र यसको चिरस्मृति सन्तान–दरसंतानका लागि प्रेरणा–स्वरूप कायम राख्न सबभन्दा धेरै योगदान दिएको छ। जन–मानसमा विश्वासिलो बनेर रहेको यस भावनाले राष्ट्रिय समुन्नतिका लागि, राम्रो कामका लागि, चौतर्फी विकासका लागि, आफ्नो स्वतन्त्र गौरव गाथाको श्री वृद्धिका लागि प्रतिस्पर्धा गर्ने वातावरणको सृजना गरेको छ। यसको निमित्त देशमा जति शान्ति छाएको छ, देशबाहिर पनि त्यति–कै शान्तिलाई सघाउने पुऱ्याउने स्थिति कायम राख्नु आवश्यक छ। यस तथ्यलाई आ–आफ्नो क्षेत्रबाट सबैले राम्ररी हृदयंगम पनि गर्नु परेको छ। नेपालले शुभ–राज्याभिषेकको रूपमा प्रकट गरेको देशभक्ति, राज–मुकुट प्रतिको अनन्य आस्था अनुशासनप्रियता, सम्मानित अतिथिहरू प्रतिको सौहार्दपूर्ण आदर–भावना, परेको बेला जुनै पनि काम गर्न सक्ने उत्साहपूर्ण क्षमताको उदाहरण, लक्ष्य–प्राप्ति प्रतिको दृढता आदि निश्चय नै श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट गाउँफर्क राष्ट्रिय–अभियानको दोस्रो अधिवेशनमा अभिव्यक्त– "प्रत्येक नेपाली जन्मँदेखि स्वतन्त्र भएर हुर्किएको हुन्छ र आफ्ना पुर्खाको रगत पसीनाले रक्षा गरेको राष्ट्रिय स्वतन्त्रताको माया उसको आफ्नो मुटु भन्दा प्यारो हुन्छ" भन्ने महावाणीको साकार रूप देखा परेको छ। उपर्युक्त कथनलाई एक वाक्यमा भन्ने हो भने; शुभ–राज्याभिषेक नेपाल र नेपालीको उज्ज्वल भविष्य निर्माण गर्ने एक ठोस लगानीका रूपमा देखा पर्दछ।

"दुई ढुङ्गाको बीचको तरुल" नेपाली परराष्ट्र नीतिको मूल आधार हो। यसै नीतिलाई परिपुष्ट गर्दछ– असंलग्न परराष्ट्र नीतिको व्यवहारले। शाहवंशबाट यसको प्रारम्भ गरियो, शाहवंशका नरेशहरूबाट यस नीतिलाई निरन्तर पालना गर्दै, यसलाई देश, काल, परिस्थिति अनुसार विस्तृत र परिमार्जित, स्पष्ट र दृढ, परिपक्व तुल्याउने काम भएको छ। नेपाली स्वाधीनताको, सार्वभौमिकताको जग पनि यसै

नीतिमा रहेको छ ।

श्री ५ वीरेन्द्रबाट नेपालको गृह नीतिलाई नयाँ मोड बक्सेको छ भने नेपालको विदेश नीतिका मान्यताहरूमा सर्वथा नयाँ र मौलिक आयामहरू पनि थपिबक्सेको छ । असंलग्नताको नीतिलाई अँगाल्नाको कारणको सम्बन्धमा श्री ५ वीरेन्द्र प्रष्ट गरिबक्सन्छ– "विश्वशान्तिको संभावना त्यसैमा देखेर हो ।" नेपाल आफ्नो सुरक्षाको निमित्त शान्ति चाहना गर्दछ भने आफ्नो स्वतन्त्रता र विकासको लागि पनि शान्ति नै चाहन्छ । नेपालले आफ्ना दुवै छिमेकी मित्र राष्ट्रहरूसँग शान्ति र मैत्री सन्धिमा औपचारिकरूपले पहिले नै हस्ताक्षर गरिसकेको छ । नेपाली जनता आफ्ना देशमा, छर छिमेकमा र विश्वमा जताततै हृदयदेखि शान्ति चाहने भएकोले नेपालले शान्तिलाई सर्वोपरि स्थान दिएको छ । यसैले शान्तिलाई संस्थागत गर्ने त्यही उत्कट अभिलाषाले प्रेरित भएर श्री ५ वीरेन्द्रबाट नेपाललाई "शान्तिक्षेत्र" घोषित गरिने कुरा मित्र राष्ट्रका प्रतिनिधिहरूको नेपाल आगमनका अवसरमा प्रस्तावित गरिबक्सन्छ ।

सरकारबाट बक्सेको यो सर्वथा मौलिक आयाम हो । नेपालको विदेश नीतिले आजको विश्व राजनैतिक चिन्तन–परिपाटीमा एउटा नयाँ चिन्तनको आधार आफ्ना नेतृत्वबाट प्रकट गरेर नेपालको गौरवको अतिवृद्धि भएको छ । यस कुरालाई कसैबाट गलत नसंझिदिउन भनेर श्री ५ वीरेन्द्र यस कुरालाई बढी स्पष्ट तुल्याउन "कुनै अर्को मुलुक वा क्षेत्रबाट धम्काइएर अथवा तर्साइएर यो शान्तिक्षेत्रको प्रस्ताव ल्याएको होइन भन्ने पनि म जनाउन चाहन्छु" हुकुम हुन्छ । शान्ति मानवीय समस्या हो । विश्वमा शान्तिको व्यापकता, शान्तिको मान्यतामा दृढ रहेर नै कायम हुन सक्ने कुरा निर्विवाद छ । यसैले यो चिन्तन हो, दर्शन हो, सार्वभौम सत्य हो । संसारका निमित्त यसभित्र, यसको व्यवहारभित्र एउटा अपेक्षित तथ्य दूधमा घिउजस्तै मिसिएर रहेको छ । निरन्तर

चिन्तन, मन्थन हुँदै जाने यस तथ्यबाट एउटा सार प्राप्त हुनेछ । त्यसैले विश्वलाई नै एउटा चिरस्थायी निश्चितता दिने छ । यसै दिगो निश्चिन्तताले विश्वका राष्ट्रहरूको सर्वतोमुखी प्रतिभा प्रस्फुटित हुने अवसरको विकास, विस्तार हुँदै जानेछ भन्ने विश्वासमा मानवता ढुक्क हुने छ ।

मुद्रकः–आदर्श छापाखाना (थापाथली), रामशाह पथ । फो.नं. १३४१४